नेपाल सरकार

# स्वास्थ्य तथा जनसंख्या मन्त्रालय

☎ ४-
२२३५८०
२६२६९६
२६९७३६
२६२८०२
२६२९८७
२६२४६८
२६२५४३

रामशाहपथ
काठमाण्डौ, नेपाल


पत्र संख्या:- ०७५/०७६
चलानी नं.-

मिति २०७६।१।३०

**विषय : प्रेस विज्ञप्ती ।**

विभिन्न संचार माध्यमहरुमा प्रकाशित "क्यान्सर रोगीलाई दिंदै आएको एक लाख रुपियाँ आर्थिक सहायता ५ महिनादेखि रोकियो भन्ने समाचार प्रति यस मन्त्रालयको गम्भीर ध्यानाकर्षण भएको छ । नेपाल सरकारबाट विपन्न नागरिकहरुको क्यान्सर लगायत ८ वटा कडा रोगहरुको उपचारको लागि सुचिकृत अस्पतालहलाई उपचारबापत सोधभर्ना गर्ने गरी आर्थिक सहायता प्रदान गर्ने व्यवस्था रहेको छ । सो कार्यक्रमा सुचिकृत भएका अस्पतालहरुलाई सोधभर्ना उपलब्ध गराई मन्त्रालयद्वारा अपुग बजेटको लागि आवश्यक पहल भईसकेको छ । विपन्न नागरिकहरुलाई दिंदै आएको क्यान्सर लगायत ८ वटा कडा रोगहरुको सुचिकृत अस्पतालहरुबाट सेवा प्रवाह यथावत रहेको सर्वसाधारणको जानकारीको लागि प्रष्ट पारिएको व्यहोरा अनुरोध छ ।